# खप्तडछान्ना गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पसलबगर,बझाङ्ग
सुदूरपश्चिमप्रदेश नेपाल

बैठक संख्याः- २६

मितिः २०८१/०६/२०

नेपालको संविधानको धारा २१४ (४) मा गाउँपालिकाको कार्यकारिणी कार्य सञ्चालन गाउँ कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले खप्तडछान्ना गाउँ कार्यपालिका बैठक सञ्चालन सम्बन्धी कार्यविधी, २०७४ को दफा १० बमोजिम गाउँपालिका अध्यक्ष श्री उत्तम बहादुर रोकाया ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो ।

**तपसिल**

अध्यक्ष श्री उत्तम बहादुर रोकाया

उपाध्यक्ष श्री विष्णु कुमार थापा

७ नं वडा अध्यक्ष (प्रवक्ता) श्री रमानन्द जोशी

१ नं वडा अध्यक्ष श्री देवीभक्त जोशी

२ नं वडा अध्यक्ष श्री ज्योती प्रकास चोगटी

३ नं वडा अध्यक्ष श्री गौरी कुमारी अधिकारी

४ नं वडा अध्यक्ष श्री ईश्वर वहादुर रोकाया

५ नं वडा अध्यक्ष श्री राम बहादुर सिंह

६ नं वडा अध्यक्ष श्री तेज वहादुर खड्का

कार्यपालिका सदस्य श्री लक्ष्मी सार्की

कार्यपालिका सदस्य श्री बुलु देवी आग्री

कार्यपालिका सदस्य श्री मना देवी खड्का

कार्यपालिका सदस्य श्री सर्मिला देवी रोकाया

कार्यपालिका सदस्य श्री प्रकाश सुनार

कार्यपालिका सदस्य श्री जोगी सार्की

सदस्य सचिव श्री विर बहादुर नेपाली

निर्णयहरु:

१. हिन्दुहरुको महान चाँड विजया दशमी तथा शुभदिपावली २०८१ को पावन अवसरमा सम्पुर्ण देश बासी राष्ट्रसेवक जनप्रतिनिधी, कर्मचारी, समाजसेवी, बुद्धिजिवी लगायत आम नागरिकहरुलाई शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो ।

२. खसडछान्त्रा गाउँपालिकाका ७ वटा वडामा वर्षभरि गरिने जिन्सी खरिदकामा एकद्वार प्रणाली लागु गर्न अनिवार्य रुपमा गाउँपालिकाको कार्यालयको PAMS V2 प्रणाली मार्फत खरिद गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिकाको सम्पुर्ण कारोबारका खाता प्राईम कमर्सियल बैंकमा सञ्चालन रहि आएकोले यस पालिकाका सम्पुर्ण खाताहरुलाई E Banking गर्न उक्त प्राईम कमर्सियल बैंकलाई अनुरोध गर्ने निर्णय गरियो ।

४. यस गाउँपालिकाको आ.ब. २०८१/८२ को बार्षिक कार्यक्रममा शंघीय शशर्त अनुदान तर्फको दलहन बालि पकेट क्षेत्र निर्माणका लागि बजेट विनियोजन भई आएकोले यस पालिका अन्तर्गतका ७ बटै वडाहरुलाई उक्त वडाहरुका स्थानिय कृषकहरुलाई सूचना प्रकाशित निर्णय गरियो ।

५. माननिय राष्ट्रिय समाजसेवी प्राध्यापक डा. जगदिश बैद्य ज्यूलाई यस खसडछान्त्रा गाउँपालिकाको संस्कृति एवमं सामाजिक क्षेत्रको प्रमुख सल्लाहकारमा नियुक्ति गर्ने निर्णय गरियो ।

६. यस खसडछान्त्रा गाउँपालिका वडा नं. ५ निवासी किरण कुमार सिंहको छोरा शेखर सिंह बैदेशिक रोजगारको शिलशिलामा पोल्याण्ड गई विविध समस्यामा परेकोले निजलाई नेपाल फर्काउन पालिकाबाट रु ५००००/ अक्षेरुपी पचास हजार मात्र आर्थिक सहायता गर्ने निर्णय गरियो ।

७. खसडछान्त्रा गाउँपालिकाको आ.ब. २०८०/८१को बार्षिक योजना तथा कार्यक्रममा उल्लेखित कार्य सम्पन्न भएका तपसिलका योजना तथा कार्यक्रमहरुको भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:

Sangam

म.ले.प.फारम नं: २२१
साबिकको फारम नं:१८

खप्तडछान्ना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छान्ना, बझाङ

**भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी**

| बजेट उपशीर्षक नं | | ३१४०१०१२३ | | | | आर्थिक बर्ष | २०७९।८० | |
|---|---|---|---|---|---|---|---|---|
| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं* | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | वडा न | भुक्तानी बाँकी रहनुको कारण |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | | ८ |
| | | | रोड देखि कुमाईवाडा सम्म बाटो निर्माण | | रोड देखि कुमाईवाडा सम्म बाटो निर्माण | ५०००० | | |
| | | | बुगौँतोला देखि मैला गाउँ सम्म बाटो निर्माण | | बुगौँतोला देखि मैला गाउँ सम्म बाटो निर्माण | १००००० | | |
| | | | लामातोला मा वि मञ्च निर्माण | | लामातोला मा वि | १५०००० | | |
| | | | राजकोट पि सि सि बाटो निर्माण | | राजकोट पि सि सि बाटो निर्माण | १५०००० | | |
| | | | बयाना वर्थिङ्ग सेन्टर सञ्चालन घेरवार निर्माण | | बयाना वर्थिङ्ग सेन्टर सञ्चालन घेरवार निर्माण | ३००००० | | |
| | | | अर्जुन बहादुर थापा उत्प्रेषण तथा यातायात | | अर्जुन बहादुर थापा उत्प्रेषण तथा यातायात | १००००० | | |
| | | | खत्री हार्डवयर एण्ड सप्लायर्स | | खत्री हार्डवयर एण्ड सप्लायर्स | १३००००० | | |
| | | | खत्री फर्निचर | | खत्री फर्निचर | ३००००० | | |
| | | | गाडिभाडा | | कलक खत्री | १००००० | | |
| | | | यातायात गाडीभाडा | | कलक खत्री | ११९००० | | |
| | | | होटल खर्च खाना खर्च | | कलक खत्री | १५१०७५ | | |